# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
## वागमती प्रदेश, नेपाल

मरिण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कपिलाकोट, सिन्धुली वागमती प्रदेश, नेपाल २०७३

### साझेदारीमा कार्यक्रम सञ्चालन गर्न संस्था छनौटको लागि प्रस्तावना आव्हान सम्वन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः २०७८।०५।०१

मरिण गाउँपालिकाले कृषि तथा पशुपन्छीको उत्पादन वृद्धि गरी गाउँ क्षेत्रमा रोजगारमुलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ कार्यान्वयनमा ल्याईएको छ। यस कार्यविधिको अधिनमा रहि आर्थिक वर्ष ०७८/७९ देखि शुरु गरि वहुवर्षिय रुपमा संचालन गरिने गाउँ क्षेत्रमा कृषि तथा पशु विकासमा आधारीत परियोजना संचालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक गैर सरकारी संस्थाहरुवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिल वमोजिका विवरणहरु सहित प्रस्तावना पेश गर्न आव्हान गरिएको छ। योग्यता नपुगेका र आवश्यक विवरणहरु संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेहि हुने छैन।

तपसिल

प्रस्तावना पेश गर्ने संस्थाको कार्यअनुभव निम्न अनुसार हुनु पर्नेछः-

१. संस्था स्थापना भई कम्तिमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको।

२. स्ववलम्वन समुह गठन तथा सामाजिक परिचालनको माध्यमवाट सामाजिक पुँजी निर्माण सम्वन्धी काम गरेको।

३. सामुदायिक विकास जिविकोपार्जन, महिला सशक्तिकरणको क्षेत्रमा काम गरेको।

४. कृषि तथा पशुको उत्पादन तथा उत्पादकत्व तथा मुल्यश्रृखलाको क्षेत्रमा अनुभव भएको।

५. समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशुवस्तु उत्पादनको लागि आवश्यक सेवा तथा वजारीकरण प्रवर्द्धनमा काम गरेको अनुभव भएको।

६. कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको।

७. कृषि पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्वन्धी कार्य गरेको।

८. कृषि तथा पशु विकाससँग सम्वन्धित श्रोत पुस्तिका, प्रचार सामाग्री, वृत्तचित्र निर्माण तथा विकासमा काम गरेको अनुभव भएको।

९. कृषि र पशु विकास सम्वन्धी संभाव्यता अध्ययन अनुसन्धान, अनुगमन तथा मुल्यांकन सम्वन्धी काम गरेको अनुभव भएको।

लागत साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक संस्थाले परियोजनासँग सम्वन्धित संचालन खर्च जस्तैः कर्मचारी तलव भत्ता सुविधा, कार्यालय संचालन र व्यवस्थापन आदि आफैले व्यवस्थापन गर्नु पर्नेछ । संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरी गाउँपालिकाको समन्वयमा कार्यक्रम संचालन गर्नुपर्नेछ। प्रस्तावना पेश गर्न इच्छुक संस्थाले प्रस्तावित परियोजनाको कार्यक्षेत्र, परियोजना अवधि आदि वारे जानकारी गाउँपालिकावाट प्राप्त गर्न सक्नेछन।

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावना पत्रका संलग्न गर्नुपर्ने कागजातहरुः

१. आधाकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति।

२. आ.व. ०७७/७८ को लेखा परिक्षणको प्रतिवेदन सहित २ वर्षको लेखा परिक्षणको प्रतिवेदनको प्रतिलिपि १/१ प्रति।

३. स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

४. आ.व. ०७६/७७ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति ।

५. परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना मरिण गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ को अनुसुचि १ वमोजिमको ढाँचामा अलग अलग खाममा सिलवन्दी गरिएको १/१ प्रति। परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तवनाको ढाँचा मरिण गाउँपालिकाको वेवसाइट www.marinmun.gov.np डाउनलोड गरि या गाउँपालिकाको कार्यालयवाट प्राप्त गर्न सकिनेछ।.

५. संयुक्त उपक्रममा पेश गर्ने संस्थाहरु विचको सम्वन्ध खुल्ने संझौता पत्रको सक्कल १ प्रति।

६. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति।

प्रमुख प्रशासकीय अधिकृत

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत